Vangmaya
Vol. 21, No. 1: 1-12, December 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74207

# *जीवन काँडा कि फूल*मा अपाङ्गता चेतना

**उपप्रा. अमृतादेवी शर्मा**

## लेखसार

*प्रस्तुत लेखमा झमक घिमिरेको आत्मसंस्मरणात्मक कृति 'जीवन काँडा कि फूल'मा अभिव्यक्त अपाङ्गता चेतनाको विश्लेषण गरिएको छ । यस कृतिमा शारीरिक कमजोरीसहित जन्मिएका कारण लेखकले पारिवारिक र सामाजिक स्तरमा भोग्नुपरेको विभेद र त्यसले निम्त्याएका जटिलताका साथै उनले गरेको सङ्घर्षका विविध स्वरूपको चित्रण छ । 'जीवन काँडा कि फूल'मा प्रस्तुत भएका अपाङ्गतासम्बन्धी दृष्टिकोणको विश्लेषण गर्दै अपाङ्गता व्यक्ति विशेषमा रहेको समस्या नभई सामाजिक कारणले निर्मित अवस्था हो भन्ने लेखकका विचारको विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । यस कृतिमा अभिव्यक्त अपाङ्गता चेतनाको विश्लेषणका लागि अपाङ्गता सिद्धान्तको अध्ययनका विविध आयाममध्ये सामाजिक अपाङ्गता सिद्धान्तको उपयोग गरिएको छ । यस अध्ययनका लागि प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ । यसको सामग्रीविश्लेषण गुणात्मक पद्धतिमा आधारित छ त्यसका लागि गुणात्मक विश्लेषण विधिको प्रयोग गरिएको छ । यसका लागि पूर्वकार्यको अध्ययनद्वारा सैद्धान्तिक ढाँचाको निर्माण गरी कृतिमा प्रस्तुत अपाङ्गता चेतनाका तथ्यहरूको पहिचान एवं विश्लेषण गरिएको छ । यस आत्मसंस्मरणात्मक कृतिमा फरक शारीरिक अवस्था सामान्य विषय भएको र सबै मानिसमा हुने मान्यताका साथै समाजले फरक शारीरिक वा मानसिक अवस्था भएका व्यक्तिलाई अपाङ्ग बनाउने काम गर्दछ भन्ने चिन्तन प्रस्तुत छ । यस कृतिमा अपाङ्गता तुलनात्मक रूपमा केही फरक अवस्थामा रहेका अल्पसङ्ख्यक मानिसलाई धेरै सङ्ख्यामा रहेका मानिसहरूले गर्ने दमन हो र यो सामाजिक रूपमा शक्तिहीन तुल्याइएकाहरूमाथि शक्तिशालीहरूले गरेको राजनीति हो भन्ने विचार प्रस्तुत छ । यस अध्ययनबाट प्रस्तुत कृतिमा अपाङ्गता सामाजिक समस्या भएकाले यो समाज रूपान्तरणकै एक अभिन्न अङ्ग भएको र यसका लागि सचेत सामूहिक सङ्घर्ष आवश्यक रहेको चिन्तन व्यक्त भएको छ ।*

**शब्दकुञ्जी** : अपाङ्गता, दमन, पृथकीकरण, बेवास्ता, रूपान्तरण ।

## १. विषयपरिचय

प्रस्तुत अध्ययनको विषय झमक घिमिरेको *जीवन काँडा कि फूल* (२०६८) आत्मजीवनीमा अभिव्यक्त अपाङ्गता चेतनाको विश्लेषण रहेको छ । अपाङ्गता दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा संवेदित विशिष्टताको अवस्था हो जसका कारणले अरूसँग समान आधारमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागिता र अन्तर्क्रियामा बाधा उत्पन्न हुन्छ । समाजमा अपाङ्ग त्यसलाई मानिन्छ जो जन्मबाट अथवा जन्मपश्चात अनेक कारणले शारीरिक, मानसिक एवं बौद्धिक रूपमा कुनै कार्य पूर्णतः वा कुनै सीमासम्म गर्न असमर्थ हुन्छ । व्यक्तिको अपाङ्गताका यी कोटिको निर्धारण शरीरवैज्ञानिक वा चिकित्सकले गर्दछन् । अपाङ्गता सिद्धान्तले मानव जीवनमा हुने कुनै पनि प्रकारको अपाङ्गतालाई दया, कृपा, सहानभूति र करुणाका माध्यमबाट नहेरी उनीहरूका हकमा आधारित सरोकारहरूमा बहस गर्दछ । यसले '

अपाङ्ग'लाई 'साङ्ग'मा बदल्ने प्रवृत्तिलाई नभएर यस विषयमा चिन्तन गर्न, बहस गर्न र उनीहरूका मानवीय अधिकारका विषयमा विमर्श गर्न आह्वान गर्दछ । अपाङ्गता सिद्धान्तका नैतिक एवं धार्मिक स्वरूप, परोपकार स्वरूप, चिकित्सकीय स्वरूप, सामाजिक स्वरूप, नारीवादी स्वरूप, सांस्कृतिक स्वरूप, जीवमनोवैज्ञानिक सामाजिक स्वरूपलगायत विभिन्न स्वरूप (मोडेल) रहेका छन् ।

झमक घिमिरे (२०४१) कविता, कथा, निबन्धलगायत साहित्यका विभिन्न विधाका लेखनमा सक्रिय व्यक्तित्त्व हुन् । उनका *सङ्कल्प* (२०५५), *आफ्नै चिता अग्निशिखातिर* (२०५७), *मान्छेभित्रका योद्धाहरू* (२०५७), *नौलो प्रतिबिम्ब* (२०६०) कवितासङ्ग्रह, *सम्झनाका बाछिटाहरू* (२०५७) लेखसङ्ग्रह, *पर्दा, समय र मान्छेहरू* (२०६२) कथासङग्रह, *बेमौसमका आस्थाहरू* (२०६३) र *जीवन काँडा कि फूल* (२०६८) निबन्धसङग्रह प्रकाशित छन् । उनले साहित्यिक योगदानका लागि कविताराम बालसाहित्य पुरस्कार (२०५५), अपाङ्ग प्रतिभा पुरस्कार (२०५७) लगायत विभिन्न पुरस्कारका साथै *जीवन काँडा कि फूल* कृतिका लागि मदन पुरस्कार (२०६८) प्राप्त गरेकी छन् । उनका रचनामा समाजका वर्गीय, क्षेत्रीय, लिङ्गीय, जातीयलगायत विविध विभेदका कारण सिर्जित असमान परिवेश र तिनले निम्त्याएका जटिलतालाई देखाउँदै ती विभेदविरुद्ध प्रतिरोधी चेतना अभिव्यक्त भएको पाइन्छ । उनका रचनाले जीवनलाई सुन्दर वस्तुका रूपमा चित्रण गरेका छन् र समाजमा मानवताको स्थापना हुनुपर्नेमा जोड दिएका छन् ।

प्रस्तुत अनुसन्धानमा *जीवन काँडा कि फूल*मा अपाङ्गता भएका व्यक्तिलाई पारिवारिक र सामाजिक तहमा गरिने विभेदका स्वरूपलाई देखाउँदै त्यसका कारणको विश्लेषण गरिएको छ । यस अध्ययनमा अपाङ्गतालाई सामाजिक दमनको विशिष्ट स्वरूपका रूपमा लिँदै अपाङ्गता समस्याको समाधानका सन्दर्भमा प्रस्तुत लेखकीय दृष्टिकोणको पनि विश्लेषण गरिएको छ । यसका लागि अपाङ्गता सिद्धान्तका विभिन्न स्वरूप मध्ये अपाङ्गतासम्बन्धी सामाजिक स्वरूपलाई विश्लेषणको आधार बनाइएको छ । अपाङ्गताको सामाजिक स्वरूपले 'अपाङ्गता'लाई व्यक्तिगत नभएर सामाजिक विषयका रूपमा चित्रण गर्दछ । यस चिन्तनले अपाङ्गता सामाजिक निर्मिति भएको र यो सामाजिक उत्पीडनको स्वरूप भएको मान्यता राखेको छ । यसले समाजको रूपान्तरण नै अपाङ्गता समस्या समाधानको आधार भएको निष्कर्ष प्रस्तुत गरेको छ । *जीवन काँडा कि फूल*मा शारीरिक कमजोरीसहित जन्मिएकी लेखकले बाल्यावस्थादेखि नै भोग्नुपरेको विभेद, जीवन हुर्काइका क्रममा गरेको सङ्घर्ष, शिक्षा आर्जनका लागि गरेको अथक प्रयास, पारिवारिक र सामाजिक रूपमा प्राप्त गरेको अपहेलना र त्यसको प्रतिरोध गर्दै सशक्त बनेको उनको स्वाभिमान र जीवनप्रतिको सकारात्मक दृष्टिकोण प्रस्तुत छ । यस कृतिमा जीवन, परिवार, समाज, श्रम, राजनीति र अपाङ्गताप्रतिको लेखकको दृष्टिकोण प्रस्तुत भएको छ । यहाँ 'अपाङ्गता' प्राकृतिक समस्या नभई सामाजिक समस्या भएको र यो सामाजिक संरचनाले निर्मित गरेको धारणा प्रस्तुत छ । यस कृतिमा परिवार र समाजबाट प्राप्त अपहेलना र तिरस्कारले लेखकका बालमनोविज्ञानमा परेको गम्भीर आघात र प्रभावलाई देखाइएको छ । कृतिमा जीवनलाई सृष्टिकै सबैभन्दा सुन्दर फूलका रूपमा चित्रण गर्दै अपाङ्गता समस्या समाधानका लागि सामाजिक संरचना बदलिनुपर्ने धारणा व्यक्त भएको छ । यस अनुसन्धानामूलक लेखमा *जीवन काँडा कि फूल*मा अभिव्यक्त अपाङ्गताप्रतिको दृष्टिकोणका साथै अपाङ्गता समस्या समाधानका सन्दर्भमा लेखकद्वारा व्यक्त भएका विचारको विश्लेषण गरिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक अध्ययनका निमित्त निर्धारित उद्देश्य पूरा गर्न *जीवन काँडा कि फूल* आत्मजीवनीमा अभिव्यक्त अपाङ्गतासम्बन्धी दृष्टिकोण, यसको स्वरूप र अपाङ्गता समस्या समाधानसम्बन्धी दृष्टिकोणलाई प्राथमिक

सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी प्राप्त भएका सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि अपाङ्गता सिद्धान्तका विभिन्न स्वरूप मध्ये अपाङ्गताको सामाजिक स्वरूप (सोसल मोडेल अफ डिजाविलिटी)का विषयमा मिसेल ओलिभर, लेट्सोसा रोन्टोवा र रेटिफ मार्नोका सैद्धान्तिक मान्यता प्रस्तुत गरिएका कृतिहरूका साथै अपाङ्गतासम्बन्धी चिन्तन र दृष्टिकोणहरू प्रस्तुत भएका पुस्तक, समीक्षा, समालोचनात्मक कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । उपर्युक्त सामग्रीहरूका आधारमा *जीवन काँडा कि फूल*मा निहित अपाङ्गता चेतनासम्बद्ध पक्षहरूको मूल्याङ्कन गर्न सामाजिक दमनको स्वरूप, सामाजिक बेवास्ता र पृथकीकरणको विरोध, र रूपान्तरणको प्रयास गरी तीन ओटा पर्याधारको निर्माण गरी विश्लेषणको सैद्धान्तिक ढाँचा तयार गरिएको छ र पाठविश्लेषणका आधारमा निष्कर्षमा पुगिएको छ । यस अनुसन्धानमा आवश्यकताअनुसार सूक्ष्म मापदण्ड निर्माण गरी निबन्धको विश्लेषण गरिएकाले यो अध्ययन विश्लेषणात्मक र गुणात्मक प्रकारको रहेको छ ।

## ३. सैद्धान्तिक आधार

अपाङ्गता अध्ययन समाजमा अपाङ्गहरूका समस्याका साथै उनीहरूका जीवनसङ्घर्ष र जीवनस्थितिलाई केन्द्रमा राखेर विचारविमर्श गर्ने, अपाङ्गताप्रतिको सामाजिक विभेदका ऐतिहासिक कारणको खोजी गर्ने, अपाङ्गताप्रतिको सामाजिक अवस्थाको रूपान्तरणको प्रयास गर्ने तथा उनीहरूका चेतनाको प्रचारप्रसार गर्ने चिन्तन हो । साहित्यिक कृतिमा चित्रित भएको अपाङ्गतासम्बन्धी दृष्टिकोणका साथै समाजले र उनीहरू स्वयंले अपाङ्गतालाई हेर्ने दृष्टिकोणहरू यसका सैद्धान्तिक पक्षहरू हुन् (उप्रेती, २०६८, पृ. २५७) । यसरी हेर्दा अपाङ्गता सिद्धान्तले अपाङ्गता भएका व्यक्तिको स्वयंप्रतिको दृष्टिकोणका साथै उसको समाजप्रतिको र समाजको अपाङ्गतासम्बन्धी दृष्टिकोणलाई केन्द्रमा राखेर विमर्श गर्दछ । अपाङ्गलाई समाजले दिने परिचय, समाजले गर्ने परिभाषा तथा समाजमा यसको प्रतिनिधित्वका प्रक्रियाहरूको खोजीमा अपाङ्गता अध्ययन केन्द्रित हुन्छ (शर्मा, २०७५, पृ. १५३) । अपाङ्गता अध्ययन अपाङ्गता र कमजोरीबिचको विभाजनमा केन्द्रित छ । यसले कमजोरीलाई व्यक्तिको मानसिक वा शारीरक अवस्थाका रूपमा लिन्छ भने अपाङ्गतालाई सामाजिक संरचनाका रूपमा विश्लेषण गर्दछ । यसले समाजका 'सक्षम' व्यक्तिले 'अपाङ्ग'लाई अन्यका रूपमा हेर्छन् भन्ने कुराको विश्लेषण गर्दछ । यस सिद्धान्तले समाजमा कसरी सक्षम ठानिएका व्यक्तिले अपाङ्गका रूपमा परिभाषित गरिएका व्यक्तिलाई स्वतन्त्र मानवका रूपमा हेर्दैनन् भन्ने सन्दर्भमा चिन्तन गर्दछ । यसले अपाङ्गतालाई निको हुने वा निको हुन आवश्यक पर्ने अवस्थाका रूपमा हेरिनु हुँदैन बरू भिन्नताहरूलाई समायोजन वा स्वीकार गरिनुपर्छ भन्ने मान्यता राख्दछ (कसिकर, सन् २०२३, पृ. १४०) । अपाङ्गता सिद्धान्तले अपाङ्गतालाई स्वास्थ्य, संवेदनशीलता र करुणाको प्रश्न नभई राजनीति र शक्तिहीनताको प्रश्न हो भन्ने मान्दछ । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेदकारी रूपमा प्रस्तुत गरिएका अवस्थामा अपाङ्गता अध्ययनले साहित्यमा तिनको विभेदयुक्त प्रस्तुतिको खोजी गर्दछ र उनीहरूलाई अवसरबाट वञ्चित हुने कुराको विरोध गर्दछ (भट्टराई, २०७०, पृ. १५२) । यस सिद्धान्तका अनुसार अपाङ्गता त्यस्तो स्थान हो जहाँबाट राजनीतिक, सैद्धान्तिक र व्यावहारिक मुद्दाहरूका बारेमा विचार गर्न सकिन्छ जुन एकअर्कासँग सन्दर्भित छन् (कसिकर, सन् २०२३, पृ. १४०) । अपाङ्गतालाई विश्लेषण गर्ने सन्दर्भमा यसका अपाङ्गताको नैतिक एवं धार्मिक स्वरूप (द मोरल एण्ड रिलिजियस मोडल अफ डिजाविलिटी), अपाङ्गताको चिकित्सकीय स्वरूप (द मेडिकल मोडल अफ डिजाविलिटी), अपाङ्गताको सामाजिक स्वरूप (द सोसल मोडल अफ डिजाविलिटी) अपाङ्गताको जीवमनोवैज्ञानिक सामाजिक स्वरूप (द वायोसाइकोलजिकल मोडल अफ डिजाविलिटी) लगायत विभिन्न स्वरूप (मोडल) विकसित छन् ।

अपाङ्गता सिद्धान्तका विभिन्न स्वरूपमध्ये अपाङ्गता सिद्धान्तको सामाजिक स्वरूप सन् १९६० र १९७० का दशकमा ब्रिटिश अपाङ्गता आन्दोलनका सक्रियताबाट प्रेरित हुँदै विकसित भएको हो । चिकित्सा मोडेलको सीमितताहरूका प्रतिक्रियामा विकसित भएको यस स्वरूपलाई अल्पसङ्ख्यक स्वरूप (मोडेल) पनि भनिन्छ । यस स्वरूपका विकासमा सबैभन्दा महत्त्वपूर्ण सैद्धान्तिक दस्तावेज विभेदका विरुद्ध शारीरिक अपाङ्गहरूको एकताको सङ्घको घोषणापत्र 'फन्डामेन्टल प्रिन्सिपल्स अफ डिजाबिलिटी' (युपिआईएएस) (सन् १९७६) हो ।

अपाङ्गता सिद्धान्तको सामाजिक स्वरूपका अनुसार अपाङ्गता भनेको एक सामाजिक अवस्था हो जुन सामाजिक कारणहरूद्वारा सिर्जना हुन्छ । यस स्वरूपको निर्माण अपाङ्ग अभियन्ता र लेक्चरर मिसेल ओलिभरले गरेका हुन् । उनको कार्यपत्र 'सोसल मोडेल अफ डिजाबिलिटी' (सन् १९८१) मा उनले सामाजिक मोडेलको निर्माण गर्दै अपाङ्गता सामाजिक रूपमा निर्मित घटना हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनका अनुसार अपाङ्गता कुनै व्यक्तिगत विषय नभएर सामाजिक विषय हो (सन् १९८१, पृ. २२) । यो व्यक्तिको कमजोरी वा चिकित्साको निदानको विषय होइन । यसले कोही पनि व्यक्ति सबै काम गर्न पूर्ण रूपले सफल नहुने हुनाले सबै व्यक्तिमा केही न केही कमजोरी हुने गर्दछ भन्ने मान्यता राख्दछ । सबै व्यक्तिमा केही कमजोरी अनिवार्य रूपमा रहने अवस्थामा समाजव्यवस्थले निश्चित अवस्थामा रहेका अल्पसङ्ख्यक व्यक्तिहरूमाथि विभिन्न आधारमा विभेद कायम गर्दछ । यही विभेदकारी सामाजिक व्यवस्थाले 'अपाङ्गता' सिर्जना गर्दछ भन्ने यसको धारणा छ । ओलिभरले भौतिक तथा सामाजिक वातावरणले कसरी निश्चित वर्गका मानिसहरूमाथि सीमितताहरू थोपर्छ भन्ने विषयमा ध्यान दिनु सबैभन्दा बढी जरूरी भएको धारणा राखेका छन् (सन् १९८१, पृ. २८) । यस मोडेलका अर्का व्याख्याता सिपरले सामाजिक मोडेलले विभिन्न संस्कृतिहरूको सान्दर्भिकताका सन्दर्भमा दुर्बलता र अपाङ्गताबिचको भिन्नतालाई स्पष्ट गर्दछ भनेका छन् (सन् २००६, पृ. १५) । यसरी हेर्दा यस सिद्धान्तले अपाङ्गतालाई सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भहरूबाट हेर्छ र समाजले कसरी फरक शारीरिक वा मानसिक रूपमा फरक क्षमता भएका मानिसलाई विभिन्न आधारमा शोषण गर्दछ भन्ने कुराको विश्लेषण गर्दछ ।

अपाङ्गताको सामाजिक स्वरूपका अनुसार यो सामाजिक दमनको विशिष्ट स्वरूप हो । अपाङ्गता सामाजिक निर्मिति हो र यो सामाजिक उत्पीडनको स्वरूप हो (थोमस र अन्य, सन् १९९७, पृ. १ ) । यसले सामाजिक दमनको विशेष रूप गठन गर्दछ । यसले अपाङ्गता सामाजिक रूपमा संरचित हुन्छ भन्ने ठान्दछ । यसका अनुसार शरीरमा हुने कुनै दुर्बलता प्राकृतिक कमजोरी होइन । यसले कुनै पनि मानिस पूर्ण रूपले सबल र शक्तिशाली नहुने र सबैमा कुनै न कुनै शारीरिक वा मानसिक दुर्बलता हुने हुनाले यो प्राकृतिक कमजोरीको विषय होइन भन्ने ठान्दछ । शारीरिक कमजोरीलाई निको हुने, नहुने वा हुनुपर्ने विषयका रूपमा हेरिनुहुँदैन भन्ने यसको धारणा छ । यस मोडेलका व्याख्याताहरूले 'अपाङ्ग' र 'असक्षम' शब्दलाई चिकित्सा मोडेलको आधारभूत दर्शन भएको जनाएका छन् र 'असक्षम व्यक्तिहरू' शब्दले उनीहरूले दैनिक रूपमा सामना गर्ने सामाजिक दमनलाई राम्रोसँग जनाउँछ भन्नेमा जोड दिएका छन् (लेटिफ र लेट्सोसा, सन्, पृ. ४) । अल्पसङ्ख्यक फरक शारीरिक अवस्थाका भएका व्यक्तिहरूलाई समाजले 'अपाङ्ग' र 'असक्षम' बनाउँछ भन्ने यसको मान्यता छ ।

सामाजिक मोडेलको आधारभूत धारणा भनेको अपाङ्गतालाई एक सामाजिक निर्माणका रूपमा मान्नुपर्छ भन्ने हो । यसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि प्रभावकारी रूपमा आवाज उठाउँछ । यसले 'साङ्ग' शरीर भएका मानिसको बाहुल्य रहेको समाजमा अपाङ्गता समस्याहरूको पहिचान गर्दछ । प्रस्तुत अध्ययनमा अपाङ्गता

सिद्धान्तको सामाजिक स्वरूपले प्रस्तुत गरेका सैद्धान्तिक मान्यताका आधारमा (क) सामाजिक दमनको स्वरूप (ख) सामाजिक बेवास्ता र पृथकीकरणको विरोध (ग) रूपान्तरणको प्रयास गरी तीन ओटा पर्याधारको निर्माण गरिएको छ र तिनका आधारमा *जीवन काँडा कि फूल*को विश्लेषण गरिएको छ ।

## ४. सामाजिक दमनको स्वरूप

सामाजिक अपाङ्गता सिद्धान्तले अपाङ्गतालाई सामाजिक दमनको विशिष्ट स्वरूप मान्दछ । यसका अनुसार कुनै पनि व्यक्ति पूर्ण रूपमा सबल हुँदैन । सबै मानिससँग केही न केही कमजोरी रहेकै हुन्छन् । पुर्टेलले अपाङ्ग व्यक्तिहरू तिनीहरूले बसोवास गर्ने समाज, समाजको संरचना र दृष्टिकोणका प्रभावले असक्षम बनाइएका व्यक्तिहरू हुन् र तिनीहरूको असक्षमता भनेको तिनीहरूको शैक्षिक कठिनाइ हो भनेका छन् (२०१३, पृ. २६) । उनको यस दृष्टिकोणले तिनीहरूलाई समाज, सामाजिक प्रक्रिया र सामाजिक संरचनाको प्रभावले निर्माण गरेको मनोवृत्तिले 'अपाङ्ग' बनाउँछ भन्ने हो । अपाङ्गता सिद्धान्तको यस मोडेलले अपाङ्गतालाई सामाजिक संरचनाका रूपमा हेर्छ । अपाङ्गता अवलोकन गरिएको व्यक्तिमा नभई अवलोकन गर्ने व्यक्तिमा हुन्छ भन्ने आधार पाइन्छ । यसरी हेर्दा यस चिन्तनले 'अपाङ्गता' भएका व्यक्तिको नभएर अपाङ्गता सिर्जना गर्ने समाजको र यसका विभेदकारी व्यवहारहरूको विश्लेषण गर्दछ ।

सामाजिक अपाङ्गता सिद्धान्तले 'अपाङ्गता'लाई सामाजिक दमनको स्वरूप मान्दछ । यसले अपाङ्गता समाजमा रहेका प्रणालीगत बाधाहरू, असक्षम संरचनागत, सामाजिक, सांस्कृतिक र राजनीतिक शक्तिहरूको दायराको परिणाम हो भन्ने ठान्दछ (मोर्गन, सन् २०२३) । यसले समाजमा निर्माण भएका सबै व्यवस्था सबल ठानिएका व्यक्तिहरूका सुविधा र उपयोगलाई मात्र केन्द्रमा राखेर निर्माण गरिएका छन् भन्ने मान्यता राख्दछ । *जीवन काडाँ कि फूल*मा फरक शारीरिक अवस्थासहित जन्मिएकी लेखकले बाल्यावस्थादेखि युवावस्थासम्म परिवार, समाज र राज्यव्यवस्थाबाट भोगेका दमनको चित्रण छ । लेखकले बाल्यावस्थामा भोगेका विभिन्न अवस्थाले शारीरिक कमजोरीसहित जन्मिएका मानिसलाई कसरी समाजले अपाङ्ग बनाउँछ भन्ने विषयलाई स्पष्ट गर्दछन् । यहाँ फरक अवस्थासहित जन्मिएकीले म पात्रलाई घरपरिवार र समाज सबैले केवल बोझ मात्र ठानेका छन् जसका कारण उनले पशुवत् जीवन भोगेको अनुभूति सँगालेकी छन् । आफ्नो बाल्यकालीन जीवनका भोगाइको स्मरण गर्दै उनले भनेकी छन् "जीवन सोचेजस्तो कहाँ हुँदो रहेछ र ? आखिर जीवन बाँच्नु थियो, बाँचें । तर यसरी बाँचें, यौटा पशु र मान्छेको जीवनमा कुनै अन्तर थिएन । अन्तर थियो त यति पशुको जीवन बाँचेर पनि म भात खान्थें बस्" (पृ. ३४) । उनको यस अनुभूतिले बाल्यकालीन अवस्थामा नै परिवार र समाजबाट अपहेलित भएर बाँच्नुपरेको अवस्थाको चित्रण गरेको छ । यहाँ एउटा बालकले शारीरिक कमजोरीसहित जन्मिएकै कारण घरपरिवारवाट उचित स्नेह प्रेम प्राप्त गर्न नसक्नुमा सामाजिक संरचना नै कारक रहेको देखिन्छ । उनी कमजोरीसहित जन्मिएका कारणले समाजमा अन्यसरह सामाजिक सहभागिता, भूमिका, अवसर र अधिकार प्राप्त गर्न नसक्ने स्थिति आएको छ र यही कारणले उनलाई आजीवनको बोझ ठान्नुपर्ने बाध्यता परिवारमाथि आइपरेको देखिन्छ । यहाँ उनले यसप्रकारको बाल्यकाल भोग्नुपर्ने अवस्था फरक शारीरिक अवस्था भएका व्यक्तिमाथिको दमनकारी सामाजिक व्यवहार र भूमिकाले निर्माण गरेको हो । यही कारणले नै उनका मातापिताले उनको अस्तित्वलाई हार्दिकतापूर्वक स्वीकार गरेका छैनन् । सानै उमेरमा अभिभावकबाट प्राप्त गर्नुपर्ने स्नेह र प्रेमका अभावमा निरास बनेका बाल्यकालीन दिनहरू सम्झँदै उनले भनेकी छन् "यसै सङ्घर्षको मैदानबाट अगाडि बढिरहेको थियो जीवनयात्रा जसमा आँसु, पीडा, चुनौती सङ्घर्ष सबैथोक थियो । एक प्रकारले जिन्दगीका सबै रङ्ग थिए । मसँग अभाव थियो भने हाँसो, खुसीको थियो । त्यही खुसीको रङ्ग मसँग थिएन । कहिलेकाहीँ ओठमा उम्रिएको थोरै हाँसो पनि बाबाको धेरै नहाँस्को

आदेशले कता बिलाउथ्यो कता । नबिलाए पनि जबर्जस्ती निमोठिन्थ्यो" (२०६७, पृ. ..) । यहाँ लेखकको बाल्यकालीन अनुभूति शारीरिक दुर्बलतालाई समाजले बोझ ठानेकै कारण पारिवारिक रूपमा प्राप्त भएको अवहेलनाको परिणति हो । यहाँ कमजोरीसहित जन्मिएकाले नै उनका भावना, अनुभूति र पीडा कुनै चिजमा पनि परिवार संवेदनशील बनेको देखिँदैन । समाजबाट जीविकोपार्जनका कुनै पनि क्षेत्रमा सहज प्रवेशको सम्भावना कम हुने परिस्थितिले परिवारका सदस्यका लागि उनको उपस्थिति बोझिलो बनेको हो र त्यही कारणले नै उनको हाँसो निमोठिएको हो । यसरी हेर्दा परिवारको उनीप्रतिको यो व्यवहार पनि सामाजिक निर्मितिको उपज नै हो । घरभित्र अरू सबल ठानिएका सन्तानले आफैले झिकेर भात खाँदा केही नभनिने र शारीरिक रूपमा फरक भएकीले आफूले खाँदा गाली खानुपर्ने अवस्था शक्ति हुनेहरूले शक्तिहीनमाथि गर्ने सामाजिक दमनकै स्वरूप हो (पृ. १०२-१०३) भन्ने उनको बुझाइ छ । लेखकले आफू र आफूजस्ता अन्य मान्छेमाथि हुने दमन सबलहरूले दुर्बलहरूमाथि गर्ने दमनकै एक स्वरूप हो भन्ने बोध गरेकी छन् ।

साामजिक अपाङ्गता सिद्धान्तले गरिबीलाई उत्पीडनको एक लक्षण मान्दछ तर त्यो अपाङ्गताको कारण होइन भन्ने मान्यता राख्दछ । परिवारको आयआर्जनको स्थिति कमजोर भएका अवस्थामा शारीरिक वा मानसिक दुर्बलता झन् बढी पीडादायी भएको हुन्छ । *जीवन काँडा कि फूल*मा म पात्रले भोगेको बाल्यकाल अपहेलनापूर्ण, तिरस्कृत र बढी उत्पीडनकारी हुनामा र उनी पारिवारिक तथा सामाजिक तहबाट बढी प्रताडित हुनमा उनका परिवारको निम्नवर्गीय आर्थिक अवस्थाले पनि भूमिका खेलेको छ । जीविकोपार्जनका लागि दिनभर काममा खटिनुपर्ने आमाको दैनिकी, बाबुको निम्न आयले गर्दा आमाबाबुका लागि उनी भार बनेकी हुन् । राज्यले शारीरिक वा मानसिक रूपमा फरक अवस्थाका पात्रलाई उनीहरूको क्षमता र सामर्थ्यअनुकूलका पद्धतिमार्फत कामका अवसर सिर्जना नगरिदिएका कारण नै निम्नवर्गीय परिवारका आमाबाबुलाई कमजोरीसहितका सन्तानको जिम्मेवारी अत्यन्त कठिन हुने गर्दछ । यहाँ म पात्रमाथिको पारिवारिक अवहेलना त्यही आर्थिक सामाजिक संरचना र पद्धतिकै परिणति हो । लेखकले आफ्ना घरको पारिवारिक स्थितिबारे भनेकी छन् "त्यतिबेला हाम्रो घरको स्थिति त्यति राम्रो रहेनछ । यहाँसम्म दुई छाक टार्न पनि निकै गाह्रो । बाबुआमा त कति छाकसम्म भोकभोकै बस्थे रे । हामी केटाकेटीलाई चाहिँ जेजस्तो गरेर पनि ख्वाउँथे" (पृ. ३५) । यहाँ उनको भनाइले बाबुआमाले सन्तानको भरणपोषणकै लागि रातदिन सङ्घर्ष गरिरहेको अवस्थालाई दर्साउँछ । यस्तो अवस्थामा शारीरिक कमजोरीयुक्त भएकीले भविष्यमा उनी आफ्नो जीविकोपार्जनका लागि कहिल्यै सक्षम नहुने ठानेका परिवारले उनलाई आवश्यक स्नेह र ममता दिन सकेका छैनन् । यहाँ यसो हुनमा पनि समाजको अपाङ्गहरूप्रतिको व्यवहार र दृष्टिकोणले नै भूमिका खेलेको छ । राज्यसंरचनाले आपाङ्गहरूका लागि जीवनयापनका स्रोत जुटाउनका लागि उपयोगी अवसरहरू सिर्जना नगरिदिने अवस्थामा आमाबाबुले यस्ता सन्तानको जीवनयापनको आजीवन भार बोक्नुपर्ने हुन्छ । आर्थिक रूपमा सबल नभएका परिवारका लागि अपाङ्गतासहितको जीवनयापन अत्यन्त कठिन हुने गर्दछ । यसरी हेर्दा यो समाजव्यवस्थाद्वारा गरिएको दमन नै हो भन्ने देखिन्छ ।

अपाङ्ग पात्रप्रतिको सामाजिक व्यवहार र दृष्टिकोणमा लैङ्गिक विभेदकारी सामाजिक संरचनाले पनि भूमिका खेलेको हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा महिलाहरू दमनमा परेका हुन्छन् भने अपाङ्ग महिलामाथिको दमन झन् निर्मम हुने गर्दछ । यहाँ लेखक आफूमाथिको दमन सामाजिक, सांस्कृतिक संरचनाकै उपज हो भन्नेमा स्पष्ट छिन् । यसैले उनले भनेकी छन् "हाम्रो समाजले छोरीमान्छे हाँसेको मन पराउँदैन, म त त्यसमाथि बेकम्मा लाटी छोरी, मेरो हाँसोमा लाटोपन मिसिएको हुन्थ्यो । त्यसैले बाबाले त्यो हाँसो के मन पराउन् ?" (पृ. ५४) । पुरुषकेन्द्री समाजमा महिलाहरू उत्पीडनमै पर्ने अवस्थामा झन् अपाङ्ग महिलाहरू दमनको दोहोरो तेहोरो मारमा पर्ने गर्दछन् । यहाँ उनीहरूमाथिको दमनको मूल आधार आर्थिक, सांस्कृतिक देखिन्छ जुन कुरालाई लेखकले पनि बोध गरेकी

छन् । 'हाम्रो समाजले छोरीमान्छे हाँसेको मन पराउँदैन त्यसमाथि म बेकम्मा लाटी छोरी' भन्ने भनाइमा उनीमाथिको दमनको आधार आर्थिक सांस्कृतिक नै भन्ने प्रष्ट हुन्छ ।

समाजमा फरक क्षमतासहितका मानिसलाई विभिन्न आधारमा सामाजिक जीवनबाट पृथक् तुल्याउने र उनीहरूको सामाजिक अस्तित्व र भूमिकालाई अस्वीकार गर्ने पद्धति नै हो भन्ने यसको मान्यता छ । दुर्बलहरूलाई सामाजिक भूमिकाबाट बहिस्कार गर्नु उनीहरूको चेतना, मूल्य र अस्तित्वलाई नै अस्वीकार गर्नु हो र यो नै उनीहरूमाथिको दमनको प्रमुख आधार पनि हो । अपाङ्गताको सामाजिक अवधारणाले शारीरिक दुर्बलतालाई सामान्य विषयका रूपमा हेर्दछ ।

## ५. सामाजिक बेवास्ता र पृथकीकरणको विरोध

अपाङ्गताको सामाजिक स्वरूपले अपाङ्गतालाई शारीरिक वा मानसिक कमजोरी भएका पात्रप्रतिको सामाजिक बेवास्ता र पृथकीकरणको परिणति ठान्दछ र यसको विरोध गर्दछ । यसका अनुसार अपाङ्गता उनीहरूमाथि थोपिएको चिज हो र यसले उनीहरूलाई समाजमा पूर्ण सहभागिताबाट बहिष्कृत, असक्षम र अनावश्यक रूपमा पृथक तुल्याउँछ (युपिआईएएस, सन् १९७६, पृ. २०) । समाजले शारीरक वा मानसिक रूपमा फरक क्षमता भएकाहरूलाई सामाजिक गतिविधिबाट पृथक् तुल्याएर उनीहरूमाथि शक्तिका आडमा राजनीति गर्दछ भन्ने यस मोडेलको मूल दृष्टिकोण रहेको छ । यसले यो पनि स्वीकार गर्छ कि तिनीहरूको दमनमा आर्थिक मुद्दा आधार हो तर तिनीहरूको दमनको मूल कारक अपाङ्गताप्रतिको अलगाव र पृथकीकरण हो (युपिआईएएस, सन् १९७६, पृ. २१) । यसले शारीरिक वा मानसिक रूपमा दुर्बलहरूको जीवनमाथि उनीहरूकै नियन्त्रण हुनुपर्छ भन्ने मान्यता राख्दछ र उनीहरू र अन्यबिचको असन्तुलनलाई चुनौती दिन खोज्छ ।

*जीवन काँडा कि फूल*मा शारीरिक रूपमा फरक क्षमता रहेकी म पात्र सामाजिक सहभागिताबाट बहिष्कृत र पृथक् हुनुपरेको अवस्था चित्रित छ । यस कृतिमा यही कारणले समाजबाट र आफ्नै आमाबाबुबाट समेत अपहेलना भोगेका विभिन्न पीडादायी अनभूति प्रस्तुत छन् । यहाँ आएका अभिभावकले ससाना कुरामा पनि शारीरिक दण्ड दिएको (पृ. ४८), बासी भात खाँदा पनि भाइबहिनीको भाग खाएको भन्दै भन्दै सिर्कनोले हिर्काएको (पृ. ५०), बालसुलभ क्रियाकलापमा पनि पुरै प्रतिबन्ध लगाएको (पृ. ५१), पढ्न अत्यधिक रुचि भए पनि 'तैंले जानेर के गर्नु' भन्दै हप्काएको (पृ. ५२), समाजका बुज्रुकहरूले उनकै अगाडि मरिदिए हुन्थ्यो भन्ने आकाङ्क्षा व्यक्त गर्ने गरेको (पृ. ५५) जस्ता सन्दर्भले उनीप्रतिको सामाजिक अवहेलनालाई चित्रण गर्दछन् । यो समाजले उनको जन्मलाई भारका रूपमा हेर्ने र शारीरिक कमजोरीलाई अभिशापका रूपमा हेर्ने अवस्था सामाजिक अलगाव र बहिष्करणकै परिणति हो । अपाङ्गता भएका बालबालिकाप्रति अभिभावकको भावना र व्यवहार उनीहरूले समाजबाट अपाङ्गताका बारेमा सिकेका कुराहरूमा निर्भर रहेको हुन्छ (ओलिभर, सन् २००४, पृ. २२) । समाजले अपाङ्गतालाई केवल बोझका रूपमा हेर्ने र सामाजिक जीवनका हरेक क्रियाकलापमा उचित अवसर सिर्जना नगरेर उनीहरूलाई पृथक् राख्ने अवस्थाले नै अभिभावकलाई शारीरिक कमजोरीसहितका सन्तान बोझ भएको अनुभव हुन्छ । यसका साथै उनीहरू आर्थिक रूपमा आत्मनिर्भर हुन नसक्ने अवस्थामा जीवनभर शारीरिक र आर्थिक भार पनि अभिभावकमाथि नै हुने हुँदा पनि ती सन्तानप्रति अभिभावकको अलगावको स्थिति रहने गर्दछ ।

*जीवन काँडा कि फूल*मा लेखकले आफू शारीरिक रूपमा फरक क्षमताको भएकै कारण बाल्यकालीन जीवनबाट नै पारिवार र समाजको बेवास्ता भोग्नुपरेको र सामाजिक जीवनबाट पृथक हुनुपरेको अवस्थालाई देखाउँदै त्यसप्रति विमति

जनाएकी छन् । उनले आफूमा पढ्ने प्रबल इच्छा र सामर्थ्य हुँदाहुँदै 'अपाङ्ग' भएकै कारणले शिक्षाको अधिकारबाट वञ्चित भएको तर आफ्नै कठिन प्रयास र सङ्घर्षबाट साक्षर हुनुपरेको अवस्थाले समाजमा रहेको उनीहरूप्रतिको बेवास्ताको अवस्थालाई पुष्टि गर्दछ :

> अँ मैले क का की की पनि कहिले माटामा सिन्काले कोरेर, कहिले अँगारले ढुङ्गामा कोरेर भए पनि जाने ! कति सुखद सपना पाना थियो त्यो । त्यसलाई कसैले मैले भुइमा कुर्दै गरेको देखे भने यसले जानेर के फाइदा उही भुसमाथिको लिउन हो भन्थे । क्या गजबको छ हामी नेपालीहरूको परम्परा र चालचलन । निर्बलप्रति माया ममता राख्ने त कहाँ हो कहाँ उनीहरू सबै कुरामा निर्भर हुन्छन् भन्ने खालको मानसिकता छ यहाँ धेरै मान्छेको सोचाई यही रोगले आक्रान्त छ भने मैले कुन फरक व्यवहार पाउँ र ! अहँ मैले फरक व्यवहार पाउन नसके पनि आफ्नो लक्ष्यका बाटाहरू हिँड्न छाडिन । (जीवन काँडा कि फूल, पृ. ५४)

उपर्यक्त सन्दर्भले शारीरिक रूपमा दुर्बल रहेकै कारण म पात्रलाई शिक्षाका अवसरबाट वञ्चित तुल्याइएको अवस्थालाई देखाउँछ । अन्य बालबालिकासरह उचित शिक्षादीक्षा पाउनु उनको नैसर्गिक अधिकार हो तर शारीरिक रूपमा अरूभन्दा भिन्न भएकै कारणले उनी सो अधिकारबाट वञ्चित छिन् । समाजले शैक्षिकलगायत अन्य सामाजिक संरचनाको निर्माण गर्दा अपाङ्गहरूको आवश्यकता र अनुकूलतालाई कुनै ध्यान नदिने अवस्था उनीहरूप्रतिको सामाजिक बेवास्ताको परिणति हो । यहाँ म पात्रलाई पनि शैक्षिकलगायत अन्य सामाजिकीकरणका प्रक्रियाबाट पृथक् राखिएको छ । यो उनको सामाजिक मूल्य र अस्तित्वप्रतिको बेवास्ता नै हो भने यस्तो अवस्थाको निर्माण समाजव्यवस्थाले गरेको हो । आफ्ना सबै नागरिकको साझा हितमा नभई 'सबल'हरूलाई मात्र केन्द्रमा राखेर निर्माण गरिने संरचनाहरूले 'अपाङ्ग'हरूको सामाजिक सहभागितालाई निषेध गरेका हुन्छन् जसको परिणामस्वरूप उनीहरू समाजबाट अलग पारिन्छन् । समाज र राज्यले 'अपाङ्ग'हरूलाई सामाजिक सहभागिताबाट पृथक् नराखेको भए उनको क्षमता र भूमिका 'भुसमाथिको लिउन' हुने थिएन । समाजले शारीरिक र मानसिक रूपमा फरक क्षमता भएकाहरूलाई सामाजिक अधिकार र भूमिकाबाट पृथक गरेर नै उनीहरूलाई 'अपाङ्ग' तुल्याएको हो र यही कारणले उनीहरू पारिवारिक र सामाजिक रूपमा बहिष्कृत जीवन बिताउन बाध्य भएका हुन् । म पात्रको परिवार पनि यही समाजकै प्रतिरूप भएकाले बहिनीले आफ्नै अगाडि पढ्न पाउँदा उनले पढ्न पाएकी छैनन् र कापीकलमको माग गर्दा बाबुबाट प्रताडित बनेकी छन् (पृ. ५४) । लेखकले भोग्नुपरेको बाल्यकालीन तितो अनुभूति फरक अवस्थामा रहेका पात्रप्रति सामाजिक सहभागितामा अवरोधको परिणति नै हो । यहाँ उनको शिक्षा आर्जन गर्न पाउने मानवीय अधिकार राज्यव्यवस्था र त्यसले निर्माण गरेको सामाजिक संरचनाले खोसेको छ । समाज र राज्यव्यवस्थाद्वारा उनको सामाजिक सहभागिता र प्रतिनिधित्वलाई मूल्य प्रदान नगरिएको अवस्थाले नै उनलाई निर्बल र आजीवन अरूमा निर्भर रहने 'अपाङ्ग' पात्र बनाएको हो । आफूले भोगेको पीडादायी जीवनसन्दर्भलाई उल्लेख गर्दै लेखकले शारीरिक वा मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूप्रति गरिने अन्यायपूर्ण व्यवहारप्रति विद्रोह प्रकट गरेकी छन् । फरक क्षमतासहितका व्यक्तिहरूप्रति अनुदार विभेदकारी समाजलाई प्रश्न गर्दै उनले भनेकी छन् :

> हामी पनि यही युगका मान्छेहरू, जो मान्छेको जिन्दगी पाएर पनि त्यसलाई रहरलाग्दो गरी बाँच्न पाएका छैनौँ । हामी दयाका भोका पटक्कै छैनौँ । तर किन दयाका थुकका छिटाहरू हामीमाथि पारिन्छ ? हाम्रा जिन्दगीहरू दयाका थुक थापेर बाँच्ने साधन किन बन्दै आएका छन् ? अनि हामी ? कुनै फरक दुनियाका मानव जिन्दगी भएका जन्तु कहाँ हो र ? हाम्रो पनि दुनिया फरक छैन । तर यो दुनिया आम मान्छेका जस्तो सुन्दर किन बनेन ? (पृ. ६०)

उपर्युक्त भनाइमार्फत लेखकले शारीरिक र मानसिक रूपमा फरक क्षमताका मानिसलाई समाजद्वारा अपाङ्ग भनेर गरिने अपहेलना र अमानवीय व्यवहारप्रति विरोध जनाएकी छन् । यस सन्दर्भमार्फत शारीरिक वा मानसिक रूपमा फरक क्षमताका हुँदैमा रहरलाग्दो गरी जीवन बाँच्न नपाउनु र केवल दयाका पात्र बन्नुपर्ने अवस्था सामाजिक व्यवस्थाले नै निर्माण गरेको हो भन्ने लेखकको दृष्टिकोण प्रस्तुत भएको छ । यहाँ अपाङ्गहरूलाई समाजका कुनै पनि संरचनामा समान सहभागिता र अवसरको अधिकार नदिइएको अवस्थाले प्रताडित तुल्याएको हो भन्ने अन्तर्य प्रकट छ । उनीहरूप्रतिको अलगाव र पृथकीकरणको अवस्थाले नै उनीहरूलाई 'फरक दुनियाका मानव जिन्दगी' जिएको अनुभूतिसहित बाँच्न बाध्य तुल्याएको हो ।

शिक्षा आर्जन, कामको अवसर, मनोरञ्जनलगायत सबै पक्ष साङ्ग ठानिएका मान्छेका मात्र आवश्यकता र हक ठानिएका समाजमा अपाङ्गका रूपमा गणना गरिएका व्यक्तिहरू सामाजिक सहभागितामा प्रतिबन्धित भएका हुन्छन् । यस्तो स्थिति तिनीहरूको उपस्थितिको आवश्यकतालाई पर्वाह नगरी निर्माण गरिएका सामाजिक संरचनाहरूमार्फत पनि स्पष्ट हुन्छ । उनीहरूलाई सामाजिकीकरणका प्रक्रियामा नै सहभागी नबनाएर आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा निर्बल तुल्याउनु उनीहरूप्रतिको समाजको अलगाव नै हो । समाजमा रहेको यस अवस्थाप्रति लेखकले विरोध प्रकट गरेकी छन् : "यस समाजमा बलियाहरूले निर्धाहरूलाई किन दमन गर्छन् भन्ने मैले यहीँबाट थाह पाएँ ..निर्बल र कमजोरहरूलाई हेप्ने, दबाउने संस्कार नै छ हाम्रो समाजमा । यही संस्कारले ममाथि दमनको नीति लाद्नुसम्म लाद्यो" (पृ. १०३-१०४) । यस भनाइमा पनि लेखकले भोगेको यही दमनको चित्रण छ जुन उनीप्रतिको सामाजिक बेवास्ता र पृथकीकरणकै परिणति हो । लेखकले वर्गीय समाजको विभेदकारी सामाजिक संरचनाले फरक शारीरिक अवस्थाका मानिसहरूमाथि राजनीति गर्दछ र समाजबाट पृथक् तुल्याउँछ भन्ने दृष्टिकोण प्रस्तुत गरेकी छन् । फरक शारीरिक अवस्थाका मानिसलाई अपूर्ण ठान्ने समाजव्यवस्थाप्रति उनको तीव्र असहमती छ । "मानव दुनिया हामीलाई किन अपूर्ण देख्छ ? पूर्णताको परिभाषा के हो ?" (पृ. ६०) भन्ने उनको भनाईले समाजले गरेको अपाङ्गको परिभाषालाई चुनौती दिएको छ । यस भनाइबाट अल्पसङ्ख्यामा रहेका फरक शारीरिक वा मानसिक अवस्थाका मानिसमाथि समाजव्यवस्थाको दमनकारी व्यवहारको परिणति अपाङ्गता हो भन्ने लेखकको दृष्टिकोणलाई प्रस्तुत गरेको छ । समाजव्यवस्थाले नियोजित रूपमा नै उनीहरूलाई अवसर र भूमिका प्रदान नगरेर साथै सामाजिक महत्त्व नदिएर एक्ल्याएकाले उनीहरूले सामाजिक परिवेशबाट पृथक् बन्नुपरेको हो भन्ने चिन्तन यहाँ व्यक्त भएको छ ।

## ६. रूपान्तरणको प्रयास

अपाङ्गताको सामाजिक मोडेलले अपाङ्गहरूको अधिकारका लागि उनीहरूकै सक्रिय सहभागितामा रूपान्तरणको प्रयास हुनुपर्ने धारणा राख्दछ । यस चिन्तनले अपाङ्गताका सन्दर्भमा विभेदकारी समाजको रूपान्तरणको आवश्यकतामा जोड दिन्छ र यसका लागि अपाङ्गता भएका व्यक्तिहरूकै नेतृत्व र सक्रियतामा सङ्घर्ष गर्नु अपरिहार्य हुन्छ भन्ने धारणा राख्दछ । यसले सामाजिक रूपान्तरणका लागि अपाङ्गता भएका व्यक्तिहरूकै स्वतन्त्र, लोकतान्त्रिक सङ्गठन निर्माणमा ध्यान केन्द्रित गरिनुपर्छ भन्ने धारणा राख्दछ । सामाजिक मोडेलको आधारका रूपमा रहेको युपिआइएएस को घोषणापत्रमा भनिएको छ : "परिवर्तनको सङ्घर्षमा हामीले हाम्रो उर्जालाई कहाँ निर्देशित गर्छौं भन्ने कुरा महत्त्वपूर्ण कुरा हो । यदि हाम्रा प्रयासहरू मुख्यतया हाम्रो कारणद्वारा निर्देशित भएनन् भने दमन स्पष्ट रूपमा कतै पुग्ने छैन" (सन् १९७५, पृ. १४) । *जीवन काँडा कि फूल*मा अपाङ्गतालाई सामाजिक, आर्थिक संरचनाका रूपमा हेरिएको छ र यसको समाधानका लागि विभेदकारी आर्थिक सांस्कृतिक संरचनामा रूपान्तरण हुनुपर्ने दृष्टिकोण प्रस्तुत भएको छ । यहाँ

लेखकले सामाजिक रूपान्तरणका लागि सक्रिय सहभागिता जनाएकी छन् । रूपान्तरणका लागि उनको यो सक्रियता जीवनको आरम्भिक समयदेखि नै निरन्तर अगि बढेको देखिन्छ । यस सन्दर्भमा बाल्यकालमा नै जीवनयापनका लागि साथै शिक्षा आर्जनका लागि गरेको कठिन सङ्घर्षका र सामाजिक आर्थिक, जातीय विभेदको अन्त्यका लागि उनले गरेको प्रयास पनि उल्लेखनीय छ । सामाजिक रूपान्तरणका लागि उनले गरेको प्रयास यी सन्दर्भबाट पनि स्पष्ट देखिन्छ : "अन्धविश्वास र रुढिवादले ग्रस्त समाजभित्र मैले पीडामय जिन्दगी बाँचे पनि आफ्नै खालको सङ्घर्ष थियो । अन्धविश्वास र रुढिवादका विरुद्ध गरिएको यस सङ्घर्षमा कुनै हतियार उठेन, विस्फोटक पदार्थ बोकेन, सानो मनले केवल आक्रोश र छटपटी मात्र बोक्यो । वैचारिक रूपमा आफ्नै खालको सङ्घर्ष गर्दै आएँ"(पृ. ८२) । उनले अन्धविश्वास र रुढिवादका विरुद्ध उठाएको आवाज सामाजिक रूपान्तरण अभियानको एक महत्त्वपूर्ण पाटो हो । समाजबाट सबै खालका विभेदको अन्त्य भएमा मात्र आफू र दमनमा परेका अन्य जाति, वर्ग, समुदाय लगायतमाथिको दमन अन्त्य हुन्छ भन्नेतर्फ उनी सचेत छिन् र त्यसका लागि निरन्तर अभियानमा पनि छिन् । उनको व्यक्तिगत जीवनलाई नै हेर्ने हो भने अत्यन्त निम्नवर्गीय परिवारमा जन्मिएर न्युतम आधारभूत आवश्यकता पूरा गर्नका लागि सङ्घर्ष गर्नुपरेको अवस्थादेखि आफूमाथिका सामाजिक अपहेलना, तिरस्कारका विरुद्ध सङ्घर्ष गर्दै धुलोमा सिन्काले कारेर अक्षर सिकेको र साहित्यकार बन्न सफल भएको अवस्था रूपान्तरणका लागि गरेको अथक प्रयास नै हो ।

सामाजिक अपाङ्गता सिद्धान्तले अपाङ्गता भएका व्यक्तिहरूका समस्यालाई अपाङ्गताको वातावरण भन्दा भिन्न व्यक्तिगत र विशिष्ट समस्याका रूपमा हेर्न अस्वीकार गर्दछ । सामाजिक स्वरूपले अपाङ्गता भएका मानिसहरूमाथिको व्यक्तिगत हस्तक्षेप, तिनीहरूको उपचार, पुनर्बास, शैक्षिक वा रोजगारीमा आधारित सहयोग व्यक्तिगत रूपमा आधारित हुन् र यिनीहरू उनीहरूका लागि सधैँ प्रत्युपादक छन् भन्ने मान्दछ ( ओलिभर, सन् २००४, पृ. २१) । यसले अपाङ्गता उन्मूलनका लागि (१) कुनै पनि एक पक्ष जस्तै : आम्दानी, गतिशीलता वा संस्थाहरूलाई अलग गरी हेरिनु हुँदैन, (२) अपाङ्ग व्यक्तिहरूले अरूको सल्लाह र मद्दतका साथमा आफ्ना जीवनमा नियन्त्रण लिनुपर्छ (३) त्यस क्षेत्रका विज्ञ र उनीहरूलाई मद्दत गर्न चाहने समाजसेवीहरूले अपाङ्गता भएका व्यक्तिहरूको स्वनियन्त्रणलाई प्रवर्धन गर्न प्रतिबद्ध हुनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेको छ (युपिआइएएस, १९७६) । यस विचारले अपाङ्गतालाई विभेदकारी सामाजिक संरचना मानेको छ र यसको अन्त्यका लागि व्यक्तिगत रूपमा गरिने पहल नभई राज्यका तहबाट गरिने व्यवस्था समतामूलक हुनुपर्नेमा जोड दिएको छ ।

*जीवन काँडा कि फूल*मा लेखकले व्यक्तिगत अधिकारप्राप्तिका लागि नभएर सामाजिक रूपान्तरणका लागि आवाज उठाएकी छन् । सामाजिक व्यवस्थामा परिवर्तन भएमा मात्र आफूमाथिको उत्पीडनको अन्त्य हुन्छ भन्ने उनको बुझाइ अपाङ्गतालाई सामाजिक दमनको स्वरूप मान्ने चिन्तन नै हो । आफूले बोकेको कलम आफ्नो स्वार्थका लागि नभएर समाज र जीवनका लागि थियो (पृ. १९२) र समाज रूपान्तरणसँगै परिवर्तनका दिशामा अगाडि बढ्छ भन्ने उनको विचार यसकै उदाहरण हुन् । रूपान्तरणका लागि उनको योगदानका बारेमा उनी स्वयंले भनेकी छन् : "म अन्धविश्वासका विरुद्धमा बोलेँ, अत्याचारको विरुद्धमा बोलेँ, विकृति र विसंगतिको विरुद्धमा बोलेँ । मेरा शब्दहरू आफैमा लाचार र निरीह थिएनन् । आफैँमा बम र बारूद पनि थिए, ज्यादा अन्याय र अत्याचार भएपछि ती आफै पड्किन्थे.. समाजका सबै खालका विभेदका विरुद्ध समता र मुक्तिका स्वरहरू मेरो कलमले बोक्यो । यो समयमा जङ्गलबाट विद्रोहको आँधी आउँदै थियो । विद्रोही आँधीले न्याय, मुक्ति र सङ्घर्षका स्वरहरू गुञ्जाउँदै थियो" (पृ. १७८) । लेखकले समाजमा रहेका लैङ्गिक, वर्गीय, जातीयलगायत थुप्रै खालका असमान खाडलहरूलाई आफूले भोगेका कारण नजिकबाट बुझेको र यसको रूपान्तरणका लागि साहित्यमार्फत प्रयास गरेको (पृ. १७६) जनाएकी छन् । यहाँ उनले अपाङ्गतालाई

सामाजिक, सांस्कृतिक विभेदको स्वरूप भएको जनाएकी छन् र यसको अन्त्यका लागि यी विभेदकारी संरचनामा आमूल रूपान्तरण हुनपर्ने धारणा राखेकी छन् ।

*जीवन काँडा कि फूल*मा दमनको यो स्वरूपमाथि प्रश्न उठाउँदै 'अपाङ्गता'लाई अन्त्य गर्न सकिने अवस्थाका रूपमा हेरिएको छ र सामाजिक रूपान्तरणबाट मात्र यसको अन्त्य हुने चिन्तन पनि व्यक्त भएको छ । समाजमा शारीरिक वा मानसिक रूपमा फरक अवस्थामा रहेका अल्पसङ्ख्यक मानिसलाई अवमूल्यन गर्दै निर्मित र स्थापित भएका सामाजिक संरचनाले नै अपाङ्गताको निर्माण गरेको हो भन्ने अन्तर्य यस कृतिमा प्रस्तुत भएको छ। यस कृतिमा अपाङ्गता समस्याको अर्थपूर्ण समाधान व्यक्तिगत समायोजन र पुनर्बासका सट्टा सामाजिक परिवर्तनतिर निर्देशित हुनुपर्छ भन्ने चिन्तन व्यक्त भएको छ।

## ७. निष्कर्ष

*जीवन काँडा कि फूल* फरक शारीरिक अवस्था भएकी लेखकले भोग्नुपरेका सामाजिक विभेद र अपहेलनाका साथै उनको सङ्घर्षलाई प्रस्तुत गरिएको आत्संस्मरणात्मक निबन्ध हो । यस कृतिमा फरक शारीरिक अवस्था भएका कारण पारिवारिक र सामाजिक जीवनमा भोगेका अप्ठ्यारा र सङ्घर्षमार्फत अपाङ्गतालाई परिभाषित गरिएको छ। यस कृतिमा व्यक्तिमा रहेको शारीरिक वा मानसिक फरकपनलाई आधार बनाएर समाजले अल्पसङ्ख्यामा रहेका मानिसहरूमाथि हरतरहको दमन गर्दछ भन्ने चिन्तन मूल रूपमा उठाइएको छ। यस विचारलाई पुष्टि गर्न निबन्धकार स्वयंले भोगेको जीवन र समाजको प्राथमिक एकाइका रूपमा रहेका परिवारदेखि समाज र राज्यबाट नै उनीहरूप्रति गरिएको दमनको स्वरूपलाई देखाइएको छ । यस कृतिमार्फत बहुसङ्ख्यकभन्दा फरक अवस्थामा भएका व्यक्तिहरूले जीवनमा सामना गर्नुपरेका आर्थिक, सामाजिक र सांस्कृतिकलगायत बाधाहरूले समाजमा अपाङ्गता सिर्जना गरेका हुन् र यसै कारण उनीहरूको जीवन 'आम मान्छे' का जस्तो सुन्दर बन्न नसकेको हो भन्ने अन्तर्य प्रस्तुत छ। यस कृतिमा समाजले फरक शारीरिक वा मानसिक अवस्थामा रहेका मानिसलाई सामाजिक भूमिका निर्वाह गर्न असक्षम ठान्ने र उनीहरूको क्षमता र सामाजिक भूमिकामा अवरोध ल्याउने सन्दर्भलाई देखाउँदै अपाङ्गता व्यक्तिगत अवस्था नभएर विभेदमा आधारित सामाजिक संरचना भएको चिन्तन व्यक्त भएको छ। यहाँ सामाजिक विभेदकै कारण फरक शारीरिक अवस्था लेखकका लागि आँसु, पीडा, अपहेलना, पारिवारिक र सामाजिक बहिस्कार, चुनौती र सङ्घर्षको कारण बनेको छ । समाजले शारीरिक वा मानसिक रूपमा बहुसङ्ख्यक व्यक्तिभन्दा फरक अवस्थामा रहेका व्यक्तिले केही गर्न नसक्ने ठान्नु र उनीहरूको सीप र क्षमताविकासलाई कुनै महत्त्व नदिनु साथै समाजिक जीवनका कुनै पनि क्रियाकलापमा सहभागी गराउन आवश्यक नठानिनु उनीहरूप्रतिको सामाजिक बेवास्ता हो भन्ने चिन्तन यहाँ प्रस्तुत छ । यस कृतिमा फरक शारीरिक अवस्था सामान्य विषय भएको र सबै मानिसमा हुने तर समाजले फरक शारीरिक वा मानसिक अवस्था भएका व्यक्तिलाई अपाङ्ग बनाउने काम गर्दछ भन्ने मान्यता प्रस्तुत छ। अपाङ्गता तुलनात्मक रूपमा केही फरक अवस्थामा रहेका अल्पसङ्ख्यक मानिसलाई धेरै सङ्ख्यामा रहेका मानिसहरूले गर्ने दमन हो र यो शक्तिहीनमाथि शक्तिशालीहरूले गरेको राजनीति हो भन्ने विचार यस कृतिमा प्रस्तुत छ। यस कृतिमा अपाङ्गता सामाजिक समस्या भएकाले यो समाज रूपान्तरणकै एक अभिन्न अङ्ग भएको र यसका लागि सामूहिक सङ्घर्ष आवश्यक रहेको चिन्तन व्यक्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

घिमिरे, झमक (२०६७), *जीवन काँडा कि फूल,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

भट्टराई, रमेशप्रसाद (२०७०), *उत्तरआधुनिकतावाद र सांस्कृतिक सिद्धान्त,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

शर्मा, बिन्दु (२०७५), धृतराष्ट्र खण्डकाव्यमा अपाङ्गता, *प्रज्ञा, १*(११७) पृ. १५१–१६१ ।

*Fundamental principles of Disability* (1976). https://disability-studies.leeds.ac.uk/wp-content/uploads/sites/40/library/UPIAS-fundamental-principles.pdf

Letsosa R. S and Retief, M. (2018). Models of disability : A brief overview DOI: https://doi.org/10.4102/hts.v74i1.4738

Morgan, H. (2021), Mad studies and Disability studies, *The routledge international studies of mad studies*, Routeledge.

Kashikar, Y. (2023). Critical disability theory or theory of disability - an introduction of ability in disability, https://www.researchgate.net/publication/373659452.

Oliver, M. (1981). A new model of the social work role in relation to disability', in J. Campling (ed.), The handicapped person: A new perspective for social workers, pp. 19–32, RADAR, London.

Oliver, M. (2004). Social model in action : if I had a hammer, *Implementing the social model of disability : Theory and research*, edited by colin barnes and Geof mercer, Leeds : The disability press, pp.18-31.

Oliver, M. (2013). The social model of disability: Thirty years on, Disability and society 28(7), DOI 10.1080/09687599.2013.818773.

Purtell, R. (2013). 'Music and the social model of disability', *Music and the social model: An occupational therapist's approach to music with people labelled as having learning disabilities*, J. Williams (ed.), pp. 26–32, Jessica Kingsley, London.

Schipper, J. (2006). *Disability studies and the Hebrew Bible*, T & T Clark, New York.

Thomes P., Lorraine G. and Natalie M. (1997). Defining impairment within the social model of disability, *GMCDP's*, https://disability-studies.leeds.ac.uk/wp-content/uploads/sites/40/library/thomas-pam-Defining-Impairment-within-the-Social-Model-of-Disability.pdf